गढवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश नेपाल

## ठेक्का बन्दोबस्ती सम्वन्धि १५ (पन्ध्र) दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०१/१७

यस गढवा गाउँपालिका अन्तर्गत वडा नं.८ कोइलाबासमा रहेको स्काई साईकिलिङ को ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले तपसिलको अधिाहरुको शर्तमा रही इच्छुक नेपाली नागरिक व्यक्ति, फर्म कम्पनीहरुले तोकिएको अवधि भित्र रितपूर्वकको शिलबन्दी बोलपत्रमा भाग लिनको लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नं. | विवरण | न्यूनतम बार्षिक ठेक्का रकम | बोलपत्र फारम दस्तुर | ठेक्का अवधि | बेलपत्र खरिद गर्ने अन्तिम मिति | बेलपत्र दाखिला गर्ने मिति र समय | बेपत्र खोल्ने मिति र समय | बोलपत्र खोल्ने स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १ / ०८१-०८२ | स्काई साईकिलिङ संचालन | ६०००००।- | १०००।- | २०८२ साल जेष्ठ देखी २०८३ असार मसान्त सम्म १४ महनिाको लागि | १५ औं दिन कार्यालय समय सम्म | १६ औं दिन दिनको १२ बजे कार्यालय समय सम्म | १६ औं दिन दिनको १२ बजे सम्म | गढवा गा.पा. को कार्यालय दाङ |

शर्तहरू :-

१. ठेक्का बोलपत्र फारम बापतको रकम रू.१०००।- को नगदी रसिद बुझाई यस कार्यालयबाट १५ दिन भित्र बोलपत्र फारम खरिद गरि सक्नु पर्नेछ ।

२. ठेक्का बोलपत्रमा ठेक्का कबोल रकमको ५ प्रतिशतले हुने रकम यस कार्यालयको एन आई सी एशिया बैंक लमही शाखामा रहेको धरौटी खाता नं.५१४१४९८८२४५२४००३ मा नगद जम्मा गरेमको सक्कल बेंक भौचर साथ बोलपत्र दाताले आफ्नो नेपाली नागरिकताको प्रतिलिपी र फर्मको हकमा पान दर्ता प्रमाण पत्र ,इजाजत पत्र समेतको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३.बोलपत्र दाताले फर्म भर्दा आफूले कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट लेखि खामबन्दी गरि शिल लाह छाप लगाई खामको माथि आफ्नो नाम, ठेगाना र ठेक्का नं.लेखि फर्म दर्ता गराउनु पर्नेछ ।

४. न्यूनत्तम ठेक्का रकम भन्दा सबैभन्दा बढी ठेक्का रकम कबोल गर्ने बोलपत्र दाताको बोलपत्र स्वीकृत गरिनेछ ।

५. ठेकदारले गाउँसभा आर्थिक ऐन २०८१ बाट निर्धारण भएको दर स्वदेशी पर्यटक रू.२००।- र बिदेशी पर्यटक रू.३२०।- अनुसार शुल्क लिनु पर्नेछ ।

६. स्काई साइकिलिङ संचालनमा कार्यरत कर्मचारीहरू तथा यात्रुहरूको सुरक्षालाई प्राथमकितामा राखि दुर्घटना विमा अनिवार्य गर्नु पर्नेछ । जसको खर्च ठेकदार स्वयंले व्यहोर्नु पर्नेछ ।

७.स्काई साइकिलिङ संचालन गर्ने ठेकदारले नियमित रूपमा मर्मत स्भार गर्नुपर्नेछ साथै स्काई साइकिलिङ क्षेत्रको सरसफाई तथा फोहोर व्यवस्थापन ठेकदार स्वयंले गर्नुपर्नेछ ।

८. स्काई साईकिलिङ संचालन बोलपत्र स्वीकृत पश्चात ७ दिन भित्र सम्झौता गर्न आउँदा पहिलो किस्ता बाफत कबोल अंकको ४० प्रतिशत रकम यस कार्यालयको एन आई सी एशिया बैंक लमही शाखामा रहेको आन्तरिक श्रोत राजश्व खाता नं.०५१२०५००२८७३८०२ मा जम्मा गरेको भौचर र बाँकी २ किस्ता रकम बाफत २०८२ साल असार मसान्त सम्म म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैंक बाट जारी बैंक जमानत पत्र लिई सम्झौता गर्न आउनु पर्नेछ ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

९. दोश्रो किस्ता रकम ३० प्रतिशत २०८२.मंसिर मसान्त भित्र र बाँकी रहेको तेश्रो तथा अन्तिम किस्ता ३० प्रतिशत रकम २०८२ फाल्गुण मसान्त भित्र यस कार्यालयको आन्तरिक श्रोत राजश्व खातामा बुझाई सक्कल बैंक भौचर बुझाउनु पर्नेछ ।

१०. बोलपत्र फाराममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

११. ठेक्का सम्झौता भईसकेपछि बन्द हड्ताल र कुनै कारण देखाई ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफि दिईने छैन ।

१२. ठेकदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम गर्नु पर्नेछ ।

१३. स्काई साइकिलिङ संचालन गर्ने ठेकदारले स्थानीय बासिन्दालाई प्राथमिकतामा राखि रोजगारी दिनुपर्नेछ ।

१४.केरमेट भएको, सहीछाप नभएको, म्याद नाघी दर्ता हुन आएको बोलपत्र स्वीकृत गरिने छैन ।

१५.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस गाउँपालिकामा निहित रहनेछ ।

१६.बोलपत्र दाता तथा गाउँपालिका बिच कुनै किसिमको मत भिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

१७.यस सूचनामा उल्लेख भएका कुराहरू इसै बमोजिम र नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१८.सम्झौता गर्न ७ दिन भित्र नआएमा निजले राखेको ५ प्रतिशत रकम जफत गरिनेछ । र प्रचलित कानुन बमोजिम कार्वाही गरिनेछ ।

१९. बोलपत्र खरिद गर्ने तथा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य भोलि कार्यालय खुलेको दिनमा गरिनेछ ।

२०.स्काई साइकिलिङ संचालन स्वीकृत आवश्यक परेमा ठेकदार स्वयंले लिनु पर्नेछ ।

२१.ठेक्काका अन्य शर्तहरू यस कार्यालय मार्फत जानकारी हुने र बोलपत्र फारम खरिद गर्दा उपलब्ध गराईने छ ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत